# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत सहायकस्तर चौथो तहका (अप्राविधिक/प्राविधिक) पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।**

**सूचना नं.:१७९/०८२-०८३** **प्रकाशन मिति: २०८२/१०/२३**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा विभिन्न स्थानीय तहहरुबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका सेवा, समूह र उपसमूहका सहायकस्तर चौंथो तहमा (अप्राविधिक/प्राविधिक) खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट विद्युतीय (online) माध्यमवाट दरखास्त आह्वान गरिन्छ । तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट online दरखास्त दिनु पर्नेछ । प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा (अप्राविधिक/प्राविधिक) तर्फ समावेशी प्रतियोगिताका परीक्षाहरु एकीकृत रुपमा एकै पटक संचालन गरिनेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं | पद | समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| **अ. प्रशासन सेवा** | | | | | |
| १. | ५००३३/०८२-८३ | प्रशासन सहायक/ लेखा सहायक | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुला | ५ |
| | | | प्रदेश प्रशासन/लेखा | | ४ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ६४ |
| | | | स्थानीय प्रशासन/लेखा | | ३ |
| २. | ५००३४/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १ |
| ३. | ५००३५/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | अपाङ्गता भएका व्यक्ति (महिला) | १ |
| ४. | ५००३६/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | अपाङ्गता भएका व्यक्ति (पुरुष) | १ |
| ५. | ५००३७/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य (महिला) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | २ |
| | | | प्रदेश प्रशासन/लेखा | | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | ५००३८/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य (पुरुष) | १ |
| ७. | ५००३९/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मुस्लिम (महिला) | २ |
| | | | प्रदेश प्रशासन/लेखा | | १ |
| ८. | ५००४०/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मुस्लिम (पुरुष) | २ |
| ९. | ५००४१/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (महिला) | ५ |
| | | | प्रदेश प्रशासन/लेखा | | १ |
| १०. | ५००४२/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (पुरुष) | ४ |
| ११. | ५००४३/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | खस आर्य महिला | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ९ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| १२. | ५००४४/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | दलित (महिला) | ५ |
| | | | प्रदेश प्रशासन/लेखा | | १ |
| १३. | ५००४५/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | दलित (पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ४ |
| १४. | ५००४६/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मधेसी (महिला) | ५ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| १५. | ५००४७/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेसी (पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ५ |
| १६. | ५००४८/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | आ.ज. (महिला) | ६ |
| | | | स्थानीय प्रशासन/लेखा | | १ |
| १७. | ५००४९/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज. (पुरुष) | १ |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ५ |
| आ. इन्जिनियरिङ्ग सेवा | | | | | |
| १८. | ५२०३६/०८२-८३ | खानेपानी तथा सरसफाई टेक्निसियन | प्रदेश इन्जिनियरिङ्ग/ सिभिल/स्यानिटरी | खुला | १ |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | ३ |
| १९. | ५२०३८/०८२-८३ | | प्रदेश इन्जिनियरिङ्ग/ सिभिल/स्यानिटरी | मधेसी (महिला) | १** |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | १ |
| २०. | ५२०३९/०८२-८३ | | प्रदेश इन्जिनियरिङ्ग /सिभिल/स्यानिटरी | आ.ज. (महिला) | १** |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | १ |
| २१. | ५२०४०/०८२-८३ | अमिन | स्थानीय इन्जिनियरिङ्ग/सर्भे | खुला | ४ |
| २२. | ५२०४१/०८२-८३ | | | खस आर्य महिला | १ |
| २३. | ५२०४२/०८२-८३ | | | मधेसी (महिला) | १ |
| २४. | ५२०४३/०८२-८३ | | | आ.ज. (महिला) | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| इ. कृषि सेवा | | | | | |
| २५. | ५३०३५/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक सहायक/ पशु सेवा प्राविधिक सहायक/ सहायक पशु स्वास्थ्य प्राविधिक/सहायक पशु विकास प्राविधिक/ | प्रदेश कृषि/भेटेरिनरी | खुला | १ |
| | | | स्थानीय कृषि/भेटेरिनरी | | ९ |
| | | | प्रदेश कृषि/ला.पो.डे.डे. | | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | ७ |
| २६. | ५३०३६/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | विपन्न खस आर्य (महिला) | १ |
| २७. | ५३०३७/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | मुस्लिम (महिला) | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ |
| २८. | ५३०३८/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | थारु (महिला) | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ |
| २९. | ५३०३९/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | खस आर्य महिला | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ |
| ३०. | ५३०४०/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | दलित (महिला) | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ |
| ३१. | ५३०४१/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | मधेसी (महिला) | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ |
| ३२. | ५३०४२/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | आ.ज. (महिला) | १ |
| | | | प्रदेश कृषि/भेटेरिनरी | | १ |
| | | | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ |
| | | | प्रदेश कृषि/ला.पो.डे.डे. | | १ |
| ३३. | ५३०४३/०८२-८३ | | स्थानीय कृषि/भेटेरिनरी | आ.ज. (पुरुष) | १ |
| ३४. | ५३०४४/०८२-८३ | बाली विकास प्राविधिक सहायक/ सहायक माटो प्राविधिक /सहायक कृषि प्राविधिक | प्रदेश कृषि/बाली विकास | खुला | १ |
| | | | स्थानीय कृषि/माटो विज्ञान | | १ |
| | | | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ |
| | | | स्थानीय कृषि/कृषि प्रसार | | ३ |
| ३५. | ५३०४५/०८२-८३ | | स्थानीय कृषि/कृषि प्रसार | खस आर्य महिला | १ |
| ३६. | ५३०४६/०८२-८३ | | स्थानीय कृषि/कृषि प्रसार | मधेसी (महिला) | १ |
| ३७. | ५३०४७/०८२-८३ | | स्थानीय कृषि/कृषि प्रसार | आ.ज. (महिला) | १ |
| ई. स्वास्थ्य सेवा | | | | | |
| ३८. | ५१०७१/०८२-८३ | वैद्य | स्थानीय स्वास्थ्य/आयुर्वेद | खुला | १ |
| ३९. | ५१०७२/०८२-८३ | | प्रदेश स्वास्थ्य/आयुर्वेद/ज. आ. | मधेसी (महिला) | १ |
| ४०. | ५१०७३/०८२-८३ | | स्थानीय स्वास्थ्य/आयुर्वेद | आ.ज. (महिला) | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१. | ५१०७४/०८२-८३ | अ.हे.व./ कोल्ड चेन सहायक | प्रदेश स्वास्थ्य/हे.ई. | खुला | १ |
| | | | प्रदेश स्वास्थ्य/हे.ई. | | १ |
| | | | स्थानीय स्वास्थ्य/हे.ई. | | ४७ |
| ४२. | ५१०७५/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १ |
| ४३. | ५१०७६/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | अपाङ्गता भएका व्यक्ति (महिला) | १ |
| ४४. | ५१०७७/०८२-८३ | | प्रदेश स्वास्थ्य/हे.ई. | विपन्न खस आर्य (महिला) | १ |
| | | | स्थानीय स्वास्थ्य/हे.ई. | | १ |
| ४५. | ५१०७८/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | विपन्न खस आर्य (पुरुष) | १ |
| ४६. | ५१०७९/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | मुस्लिम (महिला) | २ |
| ४७. | ५१०८०/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | मुस्लिम (पुरुष) | १ |
| ४८. | ५१०८१/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | थारु (महिला) | ३ |
| ४९. | ५१०८२/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | थारु (पुरुष) | ३ |
| ५०. | ५१०८३/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | खस आर्य महिला | ७ |
| ५१. | ५१०८४/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | दलित (महिला) | ४ |
| ५२. | ५१०८५/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | दलित (पुरुष) | ३ |
| ५३. | ५१०८६/०८२-८३ | | प्रदेश स्वास्थ्य/हे.ई. | मधेसी (महिला) | १ |
| | | | स्थानीय स्वास्थ्य/हे.ई. | | ४ |
| ५४. | ५१०८७/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | मधेसी (पुरुष) | ३ |
| ५५. | ५१०८८/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | आ.ज. (महिला) | ४ |
| ५६. | ५१०८९/०८२-८३ | | स्थानीय स्वास्थ्य/हे.ई. | आ.ज. (पुरुष) | ४ |
| ५७. | ५१०९०/०८२-८३ | अ.न.मी. | प्रदेश स्वास्थ्य/क.न./प.हे.न. | खुला | १ |
| | | | स्थानीय स्वास्थ्य/क.न. | | ४२ |
| ५८. | ५१०९१/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९. | ५१०९२/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | अपाङ्गता भएका व्यक्ति (महिला) | १ |
| ६०. | ५१०९३/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | विपन्न खस आर्य (महिला) | १ |
| ६१. | ५१०९४/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | विपन्न खस आर्य (पुरुष) | १ |
| ६२. | ५१०९५/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | मुस्लिम (महिला) | २ |
| ६३. | ५१०९६/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | मुस्लिम (पुरुष) | १ |
| ६४. | ५१०९७/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | थारु (महिला) | ३ |
| ६५. | ५१०९८/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | थारु (पुरुष) | ३ |
| ६६. | ५१०९९/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | खस आर्य महिला | ६ |
| ६७. | ५११००/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | दलित (महिला) | ३ |
| ६८. | ५११०१/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | दलित (पुरुष) | ३ |
| ६९. | ५११०२/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | मधेसी (महिला) | ३ |
| ७०. | ५११०३/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | मधेसी (पुरुष) | ३ |
| ७१. | ५११०४/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | आ.ज. (महिला) | ४ |
| ७२. | ५११०५/०८२-८३ | | स्थानीय स्वास्थ्य/क.न. | आ.ज. (पुरुष) | ३ |
| ७३. | ५११०६/०८२-८३ | ल्याब असिस्टेन्ट | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | खुला | १ |
| | | | स्थानीय स्वास्थ्य/मे.ल्या.टे. | | १ |
| ७४. | ५११०७/०८२-८३ | | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | मधेसी (महिला) | १ |
| ७५. | ५११०८/०८२-८३ | डार्क रुम असिस्टेन्ट | प्रदेश स्वास्थ्य/ रेडियोग्राफी/रेडियोग्राफी | खुला | १ |
| ७६. | ५११०९/०८२-८३ | | | आ.ज. (महिला) | १ |

****आ.व. ०८१-८२ मा विज्ञापन भई सिफारिस नभएकोले पुन: विज्ञापन गरिएको।**

**परीक्षाको किसिम:-** पाठ्यक्रममा तोकिए अनुसार।

**परीक्षा केन्द्र:-** बुटवल।

**परीक्षा मिति, समय र स्थानः-** परीक्षा सम्बन्धी जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ ।

**परीक्षाको माध्यमः-** लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ । उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ ।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु.४००।- (चार सय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूह/पत्रको प्रत्येकको लागि रु. १५०/- (एक सय पचास) का दरले थप दस्तुर बुझाउनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन पोर्टलबाट फाराम भरी Submit गर्नुपर्नेछ । फाराम Submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने । यकिन गरिसकेपछि देब्रे तर्फको Menu मा देखिएका List हरूमध्ये “My Application” मा Click गरी “All Application” मा Click गर्ने । आफूले आवेदन दिएको पदको विज्ञापन नं., समावेशी कोटा, विषय छनौट गर्नुपर्ने पदको हकमा सही विषय छनौट गरे/नगरेको यकिन गर्नका लागि “View Details” मा क्लिक गर्ने । दरखास्त दस्तुर समेत यकिन गरिसकेपछि Close गरेर “Pay” मा Click गर्ने । Online payment गर्नेको हकमा त्यसै पेजमा रहेको "Online Option" छान्ने । बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने । रकम भुक्तानी गर्न Connect IPS, E-Sewa, Khalti, IME Pay विकल्पहरू मध्ये कुनै एक विकल्पमा Click गर्ने । तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने । त्यसपछि छनौट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नाम सहितको विवरण मिलेमा वा सिधै Connect IPS मा Click गरी QR Code Scan गरेर तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्न सकिनेछ । बैंकमा गएर दाखिला गर्नेको हकमा “Offline” option छानेर भौचर Download गरी उक्त भौचर प्रिन्ट गरी तोकिएको समय भित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम दाखिला गराउनुपर्नेछ । प्रवेश पत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि आफ्नो इमेल, Master ID, Username र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ ।

***Online Payment गर्नेको हकमा कहिले काँही Server मा अत्यधिक चाप पर्न गई Server Slow हुँदा Payment Success भएर सम्बन्धित Wallet बाट रकम Deduction भएको तर Online Portal मा भुक्तानी स्थिति (Payment Status) Pending देखिन सक्ने हुँदा केही समय प्रतिक्षा गर्नुहाला । लामो समयसम्म रकम दाखिला भएको नदेखिएमा आयोगमा जानकारी गराउनुहोला ।***

**दरखास्त दिने अन्तिम मितिः-** २०८२।११।१४ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२।११।२१ गतेसम्म ।

**उम्मेदवारको उमेरको हदः-**

- ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८२।११।१४ सम्म १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाका हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ। ।

- अपाङ्गता भएका व्यक्तिलाई समावेशी कोटाबाट निर्धारण गरिएको प्रतिशतमा अपाङ्गता भएका व्यक्तिहरु बीच प्रतिस्पर्धा गर्न पाउने उम्मेदवारको उमेरको योग्यता चालिस वर्ष पूरा नभएको हुनेछ।
- संघीय निजामती सेवाको सबै प्रदेशको निजामती सेवाको र सबै स्थानीय तहको स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन्।

**पेश गर्नुपर्ने कागजातहरु:-** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।

*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ । अनलाईन दरखास्त फाराम भर्दा कुनै समस्या भएमा ९८५७०८८६९७ मा Whatsapp गर्न सकिनेछ।*

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी प्रदेश सरकार र स्थानीय तहले तोके बमोजिम।

**सेवा, शर्त र सुविधा:-** प्रचलित कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालय/स्थानीय तह:-** सेवा, समूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय तथा स्थानीय तह।

**आवश्यक न्यूनतम योग्यता:**

**(क) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।

२. स्थानीय निजामती सेवा ऐन ,२०८१ को दफा १९, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।

**(ख) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. प्रदेश/स्थानीय प्रशासन सेवा/सामान्य प्रशासन समूह/प्रशासन सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परिक्षा (एस.एल.सी.)/एस.ई.ई. वा सो सरह उत्तीर्ण।

२. प्रदेश/स्थानीय प्रशासन सेवा /लेखा समूह/लेखा सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित, ऐन श्रेष्ता वा एच्छिक लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण।

३. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/स्यानिटरी उपसमूह खानेपानी तथा सरसफाई टेक्निसियन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त।

४. स्थानीय इन्जिनियरिङ्ग सेवा/सर्भे समूह/अमिन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी./एस.इ.इ वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा एक वर्षको तालिम प्राप्त।

५. स्थानीय कृषि सेवा/बागवानी, बाली संरक्षण र बाली विकास समूह/सहायक कृषि प्राविधिक पदका लागि: : मान्यताप्राप्त शिक्षण संस्थावाट जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी./एस.ई.ई. वा टी.एस.एल.सी / टी.एस.ई.ई. उत्तीर्ण।

६. प्रदेश कृषि सेवा/ बाली विकास समूह/बाली विकास प्राविधिक सहायक पदका लागि: : मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी वा सो सरह उत्तीर्ण।

७. स्थानीय कृषि सेवा/कृषि प्रसार समूह/सहायक कृषि प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

८. प्रदेश/स्थानीय कृषि सेवा/भेटेरिनरी समूह/पशु स्वास्थ्य प्राविधिक सहायक/सहायक पशु स्वास्थ्य प्राविधिक पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण भई जे.टी.ए. (पशु विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी/ टी.एस.ई.ई. वा सो सरह उत्तीर्ण।

९. प्रदेश/स्थानीय कृषि सेवा/ला.पो.डे.डे. समूह/पशु सेवा प्राविधिक सहायक/सहायक पशु विकास प्राविधिक पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भई जे.टि.ए. (पशु विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

१०. स्थानीय कृषि सेवा/माटो विज्ञान समूह/माटो विज्ञान/ सहायक माटो प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टी.ए.(कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. / टी.एस.एल.सी वा सो सरह उत्तीर्ण।

११. प्रदेश/स्थानीय स्वास्थ्य सेवा/कम्युनिटी नर्सिङ्ग/प.हे.न. समूह/अ.न.मी. पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी. कोर्ष उत्तीर्ण।

१२. प्रदेश/स्थानीय स्वास्थ्य सेवा/आर्युर्वेद समूह/जनरल आर्युवेद/ज.आ. उपसमूह वैद्य पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण।

१३. प्रदेश/स्थानीय स्वास्थ्य सेवा/मेडिकल ल्याब टेक्नोलोजी /जनरल मेडिकल ल्याब टेक्नोलोजी उपसमूह ल्याव असिस्टेन्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्याब विषयमा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

१४. प्रदेश/स्थानीय स्वास्थ्य सेवा/हेल्थ इन्सपेक्सन समूह/अ.हे.व. पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण।

१५. प्रदेश स्वास्थ्य सेवा/हेल्थ इन्सपेक्सन समूह/कोल्ड चेन सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण।

१६. प्रदेश स्वास्थ्य सेवा/रेडियोग्राफी समूह/रेडियोग्राफी उपसमूह/डार्क रुम असिस्टेन्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. मा विज्ञान मूल विषय लिई उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा छ महिनाको तालिम प्राप्त।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**(क)** लैङ्गिक तथा यौनिक अल्पसंख्यक: प्रचलिक कानून बमोजिम लैङ्गिक तथा यौनिक अल्पसंख्यकको परिचय पत्र भएको।

**(ख)** अपाङ्गता भएको व्यक्ति: प्रचलित कानून बमोजिम अपाङ्गताको परिचय पत्र भएको।

**(ग)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**(घ)** मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात।

**(ङ)** दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(च)** थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(छ)** खस आर्य महिलाको हकमा: राष्ट्रिय समावेशी आयोगले खस आर्य जाति भनी सूचीकृत गरेका थर भनी स्थानीय तहले प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

**(ज)** विपन्न खस आर्यका हकमा : प्रचलित कानून बमोजिम प्राप्त गरेको गरिब घरपरिवार परिचय पत्रको आधारमा वा त्यसरी परिचय पत्रको व्यवस्था नभएसम्मको लागि कानून बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भएका खस आर्य समूदायको नागरिक भएको भनी स्थानीय तहले सिफारिस गरेको प्रमाणित कागजात दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**(झ)** मुस्लिमका हकमा : मस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, मुस्लिम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**द्रष्टव्य**

**(क)** दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन। दरखास्त साथ संलग्न गर्नुपर्ने तोकिएका कागजातहरु दरखास्तको अन्तिम मिति (सिङ्गल दस्तुरको म्याद ) भित्र जारी भएको हुनुपर्नेछ।

**(ख)** व्यवसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यवसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

**(ग)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

**(घ)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

**(ङ)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

**(च)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

**(छ)** प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

**(ज)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

**(झ)** दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुर बुझाई दरखास्त दिने अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(ञ)** माथि नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८१ र स्थानीय निजामती सेवा ऐन, २०८१ र स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ।

**(ट)** दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

नोट: पिछडिएको वर्ग र क्षेत्र र सिमान्तकृत समूहको हकमा, प्रदेश राजपत्रमा सूचना भएपश्चात मात्र उक्त समूहको विज्ञापन गर्ने गरी स्थानीय स्वास्थ्य सेवा अ.हे.ब. पद दुई, अ.न.मी. पद एक तथा स्थानीय प्रशासन सेवा प्रशासन सहायक पद दुई गरी सिमान्तकृत

समूहको पद संख्या ५(पाँच) र  स्थानीय स्वास्थ्य सेवा अ.हे.ब. पद एक, अ.न.मी. पद एक तथा स्थानीय प्रशासन सेवा प्रशासन सहायक पद दुई  गरी पिछडिएको वर्ग र क्षेत्र समूहको पद संख्या ४ (चार) हाल प्रदेश लोक सेवा आयोगको  अभिलेखमा सुरक्षित गरिएको व्यहोरा जानकारी गराइन्छ।